# पाठ ९ यूहन्ना ९

**यस पाठमा तपाईंले यी विषयहरूको अध्ययन गर्नुहुनेछ. . .**

जन्मैको अन्धालाई येशूले निको पार्नुभयो
फरिसीहरूद्वारा चङ्गाइको सोध-खोज
आत्मिक अन्धोपन

---

## जन्मैको अन्धालाई येशूले निको पार्नुभयो

---

यूहन्ना ९:१-१२ पढ्नुहोस्।

चेलाहरूले विश्वास गरेका थिए कि सबै रोग-बिमार पापको निम्ति भएको दण्ड हो। तर एक व्यक्ति किन अन्धो जन्मनु पर्ने त? उसको पापको कारणले यसो हुन सक्दैन। उसले कुनै गल्ती गर्नुभन्दा पहिल्यै ऊ अन्धा भई जन्मिएको हो। उसका आमा-बाबुको पापको कारणले यसो भएको हो त?



रोग-बिमारहरू र दुःख-कष्टहरू सधैं नै कुनै व्यक्तिका पापका नतीजा हुन् भन्न मिल्दैन भनी येशूले हामीलाई जानकारी दिनुभएको छ। धेरै रोग-बिमारहरू प्राकृतिक कारणहरूबाट आउँछन् र पाप र दण्डसँग यसको केही पनि सम्बन्ध हुँदैन। यस व्यक्तिको अन्धोपनाले येशूद्वारा निको हुनका लागि र आफ्ना पापहरूबाट उद्धार पाउनका लागि उसलाई मौका प्रदान गरेको थियो। अरूहरूले परमेश्वरको शक्तिलाई देखेर येशूमा विश्वास गर्न सक्थे। यसैले, हुनुभन्दा पहिल्यै सबै कुराहरू जान्नुहुने परमेश्वरले, यस व्यक्तिलाई अन्धो जन्मन दिनुभयो।



हामीले किन दुःख-कष्ट भोग्नुपर्छ भन्ने सम्बन्धमा हामी कति पल्ट बुझ्न सक्दैनौं। रोग-बिमारका प्राकृतिक कारणहरूलाई हटाउने र हाम्रो स्वास्थ्यको हेरचाहा गर्ने कोशिश गर्दा पनि, हामी र हाम्रा छोराछोरीहरू दुर्घटना र रोगबाट कष्टित हुन पुग्छौं। अनि हामी प्रश्न गर्छौं: "प्रभु यो घटना किन ममाथि आइपर्‍यो?"

हामीलाई सुधार गर्नका लागि परमेश्वरले कहिलेकहीँ दुःख-कष्टलाई पनि प्रयोग गर्नुहुन्छ। हामीले केही गल्ती कुरा भनेको वा गरेको वा हामीमा भएको खराब प्रवृत्ति वा पापपूर्ण विचारहरूका निम्ति हामीले हाम्रो हृदय र जीवनलाई खोजतलास गरी क्षमा माग्नुपर्छ। हामीलाई निको पार्नका लागि हामीले परमेश्वरसँग प्रार्थना गर्नुपर्छ। यी सबैभन्दा धेरै त, हाम्रा दुःख-कष्टद्वारा अरूहरूले परमेश्वरको शक्ति र प्रेमलाई देख्न सकून् र उहाँलाई प्रशंसा गरून् भनी हामीले प्रार्थना गर्नैपर्छ। हाम्रो जीवनमा भएका सबै थोकले परमेश्वरलाई महिमा ल्याएको हामी चाहन्छौं।

### तपाईंको अभ्यासको निम्ति

१ त्यो मानिस किन जन्मैको अन्धा थियो?

**क**. उसका पापहरूले गर्दा।
**ख**. उसका आमा-बाबुका पापहरूले गर्दा।
**ग**. यसरी परमेश्वरको शक्ति प्रकट होस् भनेर।

२ आफूलाई कसले निको पारेको हो भन्ने कुरा अन्धा मानिसले किन थाहा पाएन?

**क**. उसले सिलोआमको दहमा गएर पखालेपछि मात्र ऊ आफ्नो अन्धोपनबाट निको भएको थियो।
**ख**. आफू निको हुँदा येशू को हुनुहुन्छ भन्ने कुरा उसले येशूलाई सोधेन।।
**ग**. ऊ शहरमा नौलो थियो।

## फरिसीहरूद्वारा चङ्गाइको सोध-खोज

यूहन्ना ९:१३-३४ पढ्नुहोस्।

येशूले विश्राम-दिनमा अन्धोलाई निको पार्नुभएको हुनाले उहाँका शत्रुहरू उहाँसँग रिसाएका थिए। अन्धो मानिस निको भएकोमा पनि तिनीहरू खुशी थिएनन्। येशू पापी नै हुनुहुन्छ भनी प्रमाणित गर्न तिनीहरूले कोशिश गरे र अन्तमा निको भएको त्यस मानिसलाई सभाघर (तिनीहरूको मण्डली)-बाट बाहिर निकालिदिए।



निको भएको मानिसले हाम्रो निम्ति असल उदाहरण देखाएको छ। येशू परमेश्वर-बाट आउनुभएको हो भनी उसले तर्कद्वारा धार्मिक अगुवाहरूलाई विश्वास दिलाउन सकेन तर येशूले आफ्नो निम्ति गरिदिनु-भएको कामलाई चाहिँ उसले बताउन सक्थ्यो। हामी पनि यसै गरी बताउन सक्छौं।

"एउटै कुरा मात्र म जान्दछु, कि म अन्धो थिएँ, तर अब देख्तछु" (यूहन्ना ९:२५)।

### तपाईंको अभ्यासको निम्ति

३ यूहन्ना ९:२५ कण्ठ गर्नुहोस्।

४ येशूले तपाईंका निम्ति गर्नुभएका काम तपाईंले अरूहरूलाई बताउनको निम्ति परमेश्वरको सहायता माग्नुहोस्।

## आत्मिक अन्धोपन

यूहन्ना ९:३५-४१ पढ्नुहोस्।



सभाघरबाट निस्कासन गर्नु भनेको, मरेको घोषणा गर्नु जत्तिकै गम्भीर कुरा थियो। त्यस मानिसलाई भेट्टाएर उत्साह दिनका लागि येशू जानुभयो। आफू मुक्तिदाता हुँ भनी त्यस मानिसले जानेको येशू चाहनुहुन्थ्यो। त्यस मानिसले विश्वास गऱ्यो र उहाँलाई आराधना गऱ्यो।

येशूले आत्मिक अन्धोपनको बारेमा बताउनुभयो। फरिसीहरू आफ्नो आत्मिक अन्धोपनको निम्ति दोषी थिए, किनकि तिनीहरूले सत्यलाई ग्रहण गर्नका लागि इन्कार गरेका थिए। तर अन्धो माग्नेले चाहिँ येशूमा विश्वास गऱ्यो र ऊ निको पनि भयो र आफ्ना पापहरूबाट उद्धार पनि पायो।

यदि हामी आत्मिक रूपमा अन्धो हुन चाँहदैनौं भने, हामीले येशूलाई हाम्रा व्यक्तिगत मुक्तिदाताका रूपमा ग्रहण गर्नुपर्छ। हामीले बाइबल अध्ययन र प्रार्थना गर्दा येशू हामीकहाँ आउनुहुन्छ र हाम्रा आँखाहरूलाई आत्मिक रूपमा खोल्नुहुन्छ।

> "मेरा आँखा खोलिदिनुहोस्, र म तपाईंको व्यवस्थाका उदेकका कुराहरू देख्न सकूँ" (भजनसंग्रह ११९:१८)।

## तपाईंको अभ्यासको निम्ति

**५** अर्को कस्तो किसिमको अन्धोपनको बारेमा येशूले कुराकानी गर्नुभयो?

**क.** कुनै व्यक्तिलाई चश्माको खाँचो पर्ने खालको आंशिक अन्धोपन

**ख.** येशूमा विश्वास नगर्नेहरूको आत्मिक अन्धोपन।

**ग.** रङ्ग छुट्ट्याउन नसक्ने अन्धोपन।

**६** आत्मिक अन्धोपनबाट निको हुनका लागि हामी प्रत्येकले के गर्नुपर्छ?

**क.** हामीले व्यक्तिगत रूपमा र एक-एक गरी ख्रीष्टलाई हाम्रा मुक्तिदाताका रूपमा ग्रहण गर्नुपर्छ।

**ख.** हामी कुनै मण्डलीको सदस्य बन्नुपर्छ।

**ग.** कसैले हाम्रो आँखामा हिलो लगाइदिनुपर्छ।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

१ ग) यसरी परमेश्वरको शक्ति प्रकट होस् भनेर।

५ ख) येशूमा विश्वास नगर्नेहरूको आत्मिक अन्धोपन।

२ क) उसले सिलोआमको दहमा गएर पखालेपछि मात्र ऊ आफ्नो अन्धोपनबाट निको भएको थियो।

६ क) हामीले व्यक्तिगत रूपमा र एक-एक गरी ख्रीष्टलाई हाम्रा मुक्तिदाताका रूपमा ग्रहण गर्नुपर्छ।